आज मिति २०७५ माघ २१ गते शनिवार बिहान ८:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालि का सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

**<u>विषयहरु :-</u>**

१. विधेयक र कार्यविधिबारे ।

२. विविध ।

**<u>निर्णयहरु :</u>**

१. भक्तपुर नगरपालिकाका न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बैठकमा छलफलका लागि पेश गरियो ।

२. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालयले भक्तपुर नगरपालिकाको आ.व. २०७४/०७५ को लेखा परीक्षण प्रारम्भिक प्रतिवेदनमाथि छलफल हुंदा कूल रु. १३,८३,२५,८४५।- (अक्षेरुपी रु. तेह्र करोड त्रियासी लाख पच्चिस हजार आठ सय पैंतालिस रुपैया बेरुजु नियमित गर्न चालू नगर सभामा पेश गर्ने ।

ख. भक्तपुर नगरपालिकाबाट खरिद गरिएका तीनपंग्रे ट्राइसाइकलमा ढाला थप्ने, हुट बनाउने, पंजा मिलाउने, बुम मिलाउने र रंगरोगन गर्नको लागि तीन वटा प्राप्त कोटेशनहरुमा सबभन्दा कम दररेट उल्लेख गर्ने भक्तपुर अटो पार्टसको प्रति थान रु.३५,०००।- भएकोले उक्त कोटेशन स्वीकृत गरी १० वटा ट्राईसाइकलमा उक्त ढाला थप लगायत माथि उल्लेखित अन्य कार्य गराउने निर्णय गरियो ।

ग अन्तर नगर कराते प्रतियोगिताको प्रचार प्रसार स्वरुप २०७५।१०।०५ गतेदेखि २०७५।१०।१५ गतेसम्म अछाम, जुम्ला, कालीकोटलगायतका नगरपालिका भ्रमण गर्न वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले रु. एक लाख पेश्की लिई रु. ५०३२५।- बिल पेश भएको खर्च समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा संचालित जनज्योति पुस्तकालयको लागि आवश्यक पुस्तक खरिद गर्न भक्तपुर रकार्यपालिका सदस्य रोशन मैया सुवालले रु. ५,००००० पेश्की लिई रु. ८,३२,६३८।- बराबरको बिल भपाई गरी नपुग रकम ३,३२,६३८।- भुक्तानी समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो ।

ङ. विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

<u>क. निर्माण समिति</u>

## ङ. मिति २०७५/०९/२७ बसेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क) भुक्तानी सम्बन्धमा

| क्र. सं | योजनाका बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउदेश्य भवन फिनिसिङ्ग कार्यमा दाची इटा, बुट्टा इटा उपलब्ध गरे वापट भुक्तानी | ९ | बोलपत्रदाता आर आर कन्ट्रक्सन, भक्तपुर | | | | | ८०३,७६९।०० | नपा | |
| २ | ब्रम्हायणी बहुउदेश्य भवन फिनिसिङ्ग कार्यमा लोकल इटा, बालुवा उपलब्ध गरे वापट भुक्तानी | ९ | सुलोक ट्रेडिङ्ग कम्पनी प्रा.लि. | | | | | १९७,२६५।६८ | नपा | |
| ३ | नपा भवनमा सभाकक्ष जाने बाटोमा भऱ्याङ्ग माथि आल्मुनियम पार्टशन कार्य | २ | बी एण्ड एस आल्मुनियम एण्ड डेकोर्स प्रा.लि. भक्तपुर | | | | | ४९,३६६।८७ | नपा | |

## मिति : २०७५/१०/९ निर्माण समिति निर्णय (बोर्ड बैठक २०७५।१०।२१)

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र. सं | योजनाका बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कालीघाट सुधार कार्य | २ | १,४०३,०१७।०० | | | | | | नपा | बिनियोजित १५लाख |
| २ | कमलबिनायक प्लानिङ्गको Open space मा ४० मी.मी. मोटाईको आस्फाल्ट र आर.सी.सी कर्भ स्टोन बनाउने कार्य | १० | २७,४९,८५५०।४० | ५,३१६,७९०।५० | | | | | नपा | नगर विकासबाट रकम फिर्ता |
| ३ | महेश्वरीघाट सुधार कार्य | ८ | २,१५२,४४०।१० | ३,४५८,५५५।५१ | | | | | नपा | |
| ४ | महेश्वरी लिवाली प्लानिङ्ग बाटोमा पीच गर्ने कार्य | ८ | २,६४४,९७१।३० | | | | | | नपा | |
| ५ | पर्यटन सेवा केन्द्र भवनमा शौचालय सुधार कार्य | २ | २७३,३०७।२२ | | | | | | पर्यटन | |
| ६ | हनुमानघाट मूद्विप उत्तरतर्फ पर्खाल र वातावरण सुधार | ७ | १९,६२,८०३।८५ | | | | | | नपा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ख) पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | |
| १ | भोलाछे पाटी पुनः निर्माण कार्य | ६ | ४७८,९४४।५७ | | ४१३,६६०।४२ | ३५६,३४५।०० | ४००,०००।०० | ०६९।७० क्रमागत | LGCDP | रू. ४३,६५५।०० फिर्ता दाखिला |
| २ | भुजुपाटी पुनः निर्माण कार्य | ३ | ३,७१०,२२८।०० | | १,२४४,६३९।५१ | १,१३३,०८७।०० | ९००,०००।०० | २३३,०८७।०० | क्रमागत | थप रू.८ लाख पेश्की सिफारिस |
| ३ | कम्पोष्ट प्लान सुधार | ५ | ४,१५०,४२३।२९ | | १,३९४,५४६।२९ | १,३५०,०५०।००० | १,३५०,०००।००० | ५०।०० | क्रमागत | थप रू.१६लाख५०हजार पेश्की सिफारिस |
| ४ | चम्पकेश्वर काल्हाचा बाटो सुधार कार्य | ४ | ६,६८१,०४९।२४ | | ४,८९२,५३९।०४ | २,९१४,४०९।५६ | ३,७००,०००।०० | ४१४,४०९।५६ | क्रमागत | थप रू.१५ लाख पेश्की सिफारिस |
| ग) म्याद थप सम्बन्धमा | | | | | | | | | |
| १ | कम्पोष्ट प्लान सुधार | 5 | उपभोक्ता समिति अध्यक्ष नारायण प्रसाद त्वानावासु | | | | मिति २०७६ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |
| घ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा | | | | | | | | | |
| १ | वासिकचा बाटो मर्मत कार्य | ३ | उपभोक्ता समिति अध्यक्ष चन्द्रभक्त भुजु | | | | अनुगमन समिति संयोजक कृष्णगोपाल चौगुठी | | |
| २ | महाकाली उकालो देखि भोलाछेसम्मको बाटो मर्मत कार्य | ६ | उपभोक्ता समिति अध्यक्ष रमेश साख | | | | अनुगमन समिति संयोजक सितादेवी नेपाली | | |
| ३ | चुपिङ्गघाट पुल देखि गाहितीसम्मको बाटो मर्मत कार्य | ५ | उपभोक्ता समिति अध्यक्ष गोबिन्द तमखु | | | | अनुगमन समिति संयोजक मुक्तिसुन्दर जधारी | | |

**<u>ख. महिला बालबालिका तथा समाज कल्याण समिति :</u>**

**मिति २०७५ माघ ८ गते बसेको समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :**

**क. भक्तपुर नगरपालिकाद्वारा संचालित चिनीयाँ भाषा र नेपाल भाषा तालिमको लागि निम्न अनुसार प्रशिक्षक नियुक्ति गर्ने निर्णय गरियो :**

**१. चिनीयाँ भाषा समूह 'क' – ३ बजेदेखि ५ बजेसम्म – श्रीकृष्ण ध्वंजु – ७**

**२. चिनीयाँ भाषा समूह 'ख' – ५ बजेदेखि ७ बजेसम्म – राजेन्द्र चवाल – ५**

उक्त तालिम वापत प्रशिक्षकहरुलाई मासिक रु.१८,०००।- (अक्षेरुपी रु. अठार हजार) रुपैया पारिश्रमिक दिने

३. नेपाल भाषा - ६-८ सम्म श्री आशकुमार चिकंबन्जार - ५

च. भ.न.पा. वडा नं. ९ स्थित ब्रम्हायणी बसपार्कमा निर्माणाधिन बहुउद्देश्यीय भवनमा फिनिसिङ्ग अन्तर्गत श्यानिटरी फिटिङ्गस् सम्बन्धी कार्य श्रम ठेक्का (सामान सहित) गर्न गोरखापत्र दैनिकमा मिति २०७५।८।२१ गते, मजदुर दैनिकमा मिति २०७५।८।२४ र २५ गते प्रकाशित बोलपत्र आह्वान सम्बनधी सूचना अनुसार म्यादभित्र पेश भएका ६(छ) थान बोलपत्रहरु भ.न.पा. सभा कक्षमा खोलिएको मुचुल्का अनुसार देहायका आइटमहरुको देहायको दररेट सम्बन्धमा बोलपत्र मूल्याकन समितिमा छलफल हुदा सबभन्दा न्यूनत्तम मूल्यांकित सारभूत रुपमा प्रभावकारी बोलपत्रदाता सुन्दर कन्स्ट्रक्सन सर्भिस, भक्तपुरको कुल कबोल रकम रु.११,५४,८४१।३६ (भ्याटसहित) भएकोमा १० प्रतिशत छुट दिने निजको प्रतिवद्धता अनुसार हुने जम्मा रु.१०,३९,३५७।२२ बराबरको बोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो ।

छ भ.न.पा. वडा नं. ९ स्थित ब्रम्हायणी बसपार्कमा निर्माणाधिन बहुउद्देश्यीय भवनमा फिनिसिङ्ग कार्य अन्तर्गत इलेक्ट्रिक फिटिङ्गस् सम्बन्धी कार्य श्रम ठेक्का (सामान सहित) गर्न गोरखापत्र दैनिकमा मिति २०७५।८।२१ गते, मजदुर दैनिकमा मिति २०७५।८।२४ र २५ गते प्रकाशित बोलपत्र आह्वान सम्बनधी सूचना अनुसार म्यादभित्र पेश भएका ६(छ) थान बोलपत्रहरु भ.न.पा. सभा कक्षमा खोलिएको मुचुल्का अनुसार देहायका आइटमहरुको देहायको दररेट सम्बन्धमा बोलपत्र मूल्याकन समितिमा छलफल हुदा सबभन्दा न्यूनत्तम मूल्यांकित सारभूत रुपमा प्रभावकारी बोलपत्रदाता सुन्दर कन्स्ट्रक्सन सर्भिस, भक्तपुरको कुल कबोल रकम रु.४७,३९,१७३।०१ (भ्याटसहित) भएकोमा २ प्रतिशत छुट दिने निजको प्रतिवद्धता अनुसार हुने जम्मा रु.४६,४४,३८९।५५ बराबरको बोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो ।

ज. ख्वप अस्पतालको भवन निर्माण आयोजनाक

ो खाता संचालन अस्पताल निर्माण समितिका अध्यक्ष श्री सुनिल प्रजापति, आयोजना प्रमुख विजयराम कोजु र लेखा प्रमुख रामसुन्दर सुजखु समेत तीन जनाको संयुक्त दस्तखतमध्ये दुई जनाको दस्तखतबाट खाता संचालन गर्ने निर्णय गरियो ।